annapurnapost.com

# अन्नपूर्ण पोस्ट

...२ पृष्ठ ८ | काठमाडौं, आइतबार १३ माघ २०८१ | मार्ग कृष्णपक्ष द्वादशी, नेपाल संवत् ११४५ | SUNDAY, JANUARY 26, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# अनि बन्छन् बेलायतमा नेपाली 'इलिगल'



बेलायतमा गैरकानुनी हैसियतमा बस्ने नेपालीहरू कति छन् भन्ने यकिन तथ्यांक उपलब्ध छैन। तर, विभिन्न भिसा रुटमा बेलायत आएर यतै ओभरस्टे गरी गैरकानुनी बनेका नेपालीहरूको संख्या हजारौंमा रहेको अनुमान गर्न अप्ठ्यारो छैन। गैरकानुनी हैसियतमा बेलायतमा रहेका नेपालीमध्ये अधिकांश सिजनल वर्कर, विद्यार्थी, वर्क पर्मिट र भिजिट भिसालगायतका रुटबाट आएकाहरू छन्। नेपालबाट कानुनी रूपमै भिसा लिएर बेलायत भित्रिएका भए पनि भिसा अवधि सकिएर ओभरस्टे गरेका वा कुनै कारणले भिसा रद्ध भएकाहरू अहिले गैरकानुनी हैसियतमा पुगेका छन्।

ध्रुवराज अर्याल | *लन्डन*

– को रिपोर्ट

समाचार पृष्ठ २

## थ्रेस होल्ड ३ कि ५ प्रतिशत ?

### आयोगले मस्यौदा गर्‍यो ३ नै, गृहले बढाएर पुर्‍यायो ५

**राजकरण महतो** | *काठमाडौं*

संघमा ३ कि ५ प्रतिशत ? प्रदेशमा डेढ कि ३ प्रतिशत ? यसै विषयमा राजनीतिक दलदेखि निर्वाचन विज्ञहरूबीच चौतर्फी बहस भइरहेको छ।

ठूला दलका नेताहरू भन्छन्, 'ससाना पार्टी धेरै भए। राजनीति स्थिरता भएन। त्यसैले थ्रेस होल्ड बढाउनुपर्छ।' यसको विपरीत छन्, साना दलका नेताहरू। उनीहरू भन्छन्, 'थेस्र होल्ड बढाएर देशमा दुई पार्टी सिस्टम ल्याउन खोजिँदै छ। त्यसलाई हामी मान्दै नौं। सशक्त प्रतिकार गर्छौं।'

निर्वाचन आयोगले भने यथास्थितमा रहेर नयाँ निर्वाचन कानुनको मस्यौदा तयार पारेको छ। प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया भन्छन्, 'प्रदेशका डेढ र संघमा ३ प्रतिशत हुनुपर्ने जे अवस्था थियो त्यही नै कानुनमा राखेर मस्यौदा पठाएका छौं।' के थ्रेस होल्ड बढाउनुपर्छ ? भन्ने प्रश्नमा आयोगका अर्का आयुक्त रामप्रसाद भण्डारीले बढाउनुपर्ने संकेत गरे, 'अहिलेको राजनीतिक अवस्थाले मुलुक दर्दनाक भयो। देशलाई संगलो बनाउनुपर्छ। तर, मुलुक धमिलो भयो।'

पूर्वप्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेत्ती, आयुक्त इला शर्मा र निर्वाचन विज्ञ गोपालकृष्ण शिवाकोटीको उस्तै अभिव्यक्ति छ, देशको विविध पहिचान, सांस्कृतिक, भौगोलिकता, भाषिकता, समावेशितालाई मार्नुहुँदैन। थ्रेस होल्ड बढाउने हो भने निर्वाचन आयोगले गहिरो अध्ययन गर्नुपर्छ।

» बाँकी पृष्ठ ६

### 'सबैतिर थ्रेस होल्ड एकै किसिमको हुनुपर्छ'



**दिनेशकुमार थपलिया**
प्रमुख, निर्वाचन आयुक्त

थ्रेस होल्डको विषय दुईवटा कानुनमा आउँछ। पहिलो प्रतिनिधिसभा र प्रदेशसभामा समानुपातिक तर्फबाट प्रतिनिधित्व गर्ने सवालमा र दोस्रो कुनै पनि राष्ट्रिय पार्टी हो ? प्रादेशिक पार्टी हो ? कि स्थानीय तहको पार्टी हो ? भन्ने पार्टीको वर्गीकरण गर्ने विषयमा थ्रेस होल्ड सम्बन्धित छ। हाल प्रतिनिधित्वको विषयमा संघमा तीन प्रतिशत र प्रदेशमा डेढ प्रतिशत हुनुपर्ने र एक जना प्रत्यक्षतर्फ जित्नुपर्ने व्यवस्था छ। हामीले पुरानै थ्रेस होल्डलाई समावेश गरेर प्रस्ताविक निर्वाचन ऐनको मस्यौदामा राखेर पठाएका छौं।

संघ र प्रदेशको फरक-फरक प्रतिशत राख्नु हुँदैन भन्ने आयोगको धारणा छ। केन्द्र भनेको देशभरिको हो, प्रदेश भनेको त्यो प्रदेशभरिको हो। त्यसैले प्रदेश र संघका लागि एउटै थ्रेस होल्ड राख्नुपर्छ। मतदाताको भ्यालु सबैतिर बराबर हुनुपर्छ। कहीँ डेढ प्रतिशत हुने कहीँ ३ प्रतिशत हुनुहुँदैन। मतदाताको मतको भ्यालु हो थ्रेस होल्ड। मतदाताको मतको भ्यालु घटाउनु हुँदैन। मतदाताको सारभौम अधिकार र मतको मूल्य जता पनि समान कदर हुनुपर्छ।

» बाँकी पृष्ठ ६

## हमासले बन्धक बनाएका चार इजरायली महिला सैनिक रिहा

**जेरुसेलम** (एजेन्सी) : हमासले बन्धक बनाएका चार जना महिला रिहा भएका छन्। इजरायली सैनिकसमेत रहेका चार जना महिलालाई हमासले रिहा गरेको बीबीसीले जनाएको छ।

रिहा हुनेमा करिना एरिएव, डेनिएला गिल्बोओ, लेवी र लिरी अल्बाग रहेका छन्। उनीहरू रिहा भएपछि इजरायलको राजधानी तेल हभिभमा खुसियाली माहोल छाएको छ।

हमासले उनीहरूलाई रेडक्रसको जिम्मा लगाएको थियो। रेडक्रसमार्फत उनीहरूलाई आफन्तको जिम्मा लाइनेछ। युद्धविरामको घोषणा भएसँगै बन्धक बनाइएकहरू रिहा हुने क्रम जारी रहेको छ। चार महिला सैनिकको बदलामा इजरायलले करिब २ सय जना प्यालेस्टिनी बन्दीलाई छाड्ने बताइएको छ। यसअघि पहिलो चरणमा ३३ जना बन्धकलाई रिहा गरिएको थियो।



